१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१७ ।। अङ्क : २५४ ॥ २०८२ कातिक २८ गते शुक्रबार (14th Nov 2025 Friday) **Pratidin** National Daily मूल्य–रु.५/–

## धाइजनमा ट्रक र सुमो ठोक्किँदा पाँचजना घाइते

झापा(प्रस) ।झापा बुद्धशान्ति -३ माथिल्लो धाइजनस्थित मेची राजमार्गमा ट्रक र सुमो ठोक्किदा पाँचजना घाइते भएका छन् ।

बुधवार राति ८.३० बजे बुधबारेबाट चारआलीतर्फ आउँदै गरेको डब्लुबी ७६६७५२ न.को भारतीय सुमो र बिपरित दिशाबाट जाँदै गरेको मे.१ख.३३६७ न. ट्रक एकआपसमा ठक्कर खाएका हुन् । दुर्घटनामा सुमो चालक भारत दार्जेलिङ बस्ने बर्ष४६ का बिसन साशंकर,सुमोमा सवार यात्रुहरु भारत नक्सलबारी बस्ने बर्ष४३ का शेखर गहतराज, दार्जेलिङ बस्ने बर्ष ३७ का एसदिप साशंकर , झापा बुद्धशान्ति -३ बस्ने बर्ष ३७ का घनश्याम बि.क. र सडकमा हिड्दै गरेका पैदलयात्री बुद्धशान्ति -३ बस्ने बर्ष ६५का हिरालाल चौधरी घाइते भएका छन् । पैदलयात्री चौधरीलाई ट्रकले ठक्कर दिएको हो ।

पाँचैजना घाइतेहरुलाई उपचारका लागि भागिरथा न्यौपाने अस्पताल बुधबारे लगिएको थियो । बिसन साशंकर,शेखर गहतराज,एसदिप साशंकर,घनश्याम बिकलाई थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड रेफर गरिएको छ । पैदलयात्री चौधरीलाई बचाउन खोज्दा ट्रक सुमोसंग ठोक्किएको बताइएको छ ।ट्रकचालक ताप्लेजुङ मैवाखोला -६बस्ने बर्ष२४का ज्ञानेद्र लिम्बूलाई इलाका प्रहरी कार्यालय बुधबारेले नियन्त्रणमा लिएको छ ।

# जेनजी आन्दोलनपछि सभामुख घिमिरे झापा आउँदा.......

झापा(प्रस) । जेनजी आन्दोलनपछि पहिलो पटक विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे झापा आएका छन् । २०७९ सालको निर्वाचनमा झापा क्षेत्र नं २ बाट चुनाव जितेका घिमिरे करिव चार महिनापछि आफ्नो क्षेत्रमा आइपुग्दा निवर्तमान सांसद भइसकेका छन् ।

यदि निर्धारित समयमै निर्वाचन हुन सकेको खण्डमा करिव ४ महिनापछि यस क्षेत्रका जनताले अर्को सांसद पाउने छन् । सभामुख तथा निवर्तमान सांसद घिमिरे यसअघि गत असार ३२ गते बिर्तामोड नगरपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घाटन गर्न आएका थिए । करिव ५ करोडको लागतमा बनेको सुविधा सम्पन्न भवन उद्घाटन गरेका घिमिरे त्यही भवन क्षतिग्रस्त अबस्थामा हेर्न आइपुगेका हुन् । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा बिर्तामोड नगरपालिकाको नवनिर्मित र पुरानो गरी दुईवटा भवनमा तोडफोड र आगजनी भएको थियो । सभामुख घिमिरेले जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त बिर्तामोड नगरपालिकाको कार्यालय भवनको निरीक्षण गरेका हुन् । त्यस्तै उनले जेनजी आन्दोलनमा क्षतिग्रस्त बिर्तामोडको इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय , एमाले जिल्ला पार्टी कार्यालय, यातायात व्यवस्था कार्यालय , माओवादीको जिल्ला पार्टी कार्यालय र नेपाली कांग्रेसको जिल्ला पार्टी कार्यालयको निरीक्षण गरेका थिए ।



उनले हर्कलाल मार्ग , वडा नं ३ स्थित गोकुल मार्ग लगायतका विकास निर्माणको अवलोकन गरेका छन् । तीन दिने कार्यक्रमका लागि उनी गृहजिल्ला आएका हुन् । प्रतिनिधिसभा विघटन भइसकेर सांसद पद गइसकेको अवस्थामा सभामुख घिमिरे झापा आउँदा विगतको जस्तो आकर्षण नदेखिएको कार्यक्रमका एक सहभागीले बताएका छन् ।

## नवजात शिशुको मृत्युपछि बीएण्डसी अस्पतालमा विवाद

झापा(प्रस) । नवजात शिशुको मृत्यु भएपछि बीएण्डसी अस्पताल बिर्तामोडमा विवाद भएको छ ।

शिवसतासी नगरपालिका ४ नयाँबजार बस्ने रमेश बासकोटाकी गर्भवती श्रीमती ३० वर्षीया शर्मिला कोइराला कात्तिक २० गते सो अस्पतालमा भर्ना भएकी थिइन् । भोलिपल्ट उनीबाट ७ महिनाको शिशु( छोरी) अप्रेशनबाट जन्म भएको थियो । ती शिशुलाई भेन्टिलेटरमा राखी उपचार भइरहेकोमा बुधवार बिहान ४ बजे मृत्यु भएको थियो । डाक्टरको लापर्वाहीले शिशुको मृत्यु भएको भन्दै आफन्तले विवाद गरेका हुन् ।

विवादपछि मृतकका आफन्त र अस्पताल प्रशासनबीच ४बुँदे सहमति भएको छ । मेडिकल र व्यवस्थापन पक्षले माफी माग्ने, मृतक शिशुको दाहसस्कारको लागि माईखोलासम्म एम्बुलेन्स उपलब्ध गराउने ,बच्चा र आमाको सम्पूर्ण खर्च अस्पतालले बेहोर्ने र बच्चाको आमा शर्मिला कोइरालाको नाममा एकलाखको कोष जम्मा गरिदिने सहमति भएको जनाइएको छ ।

# कुलमानको पार्टीको यस्तो छ प्रतिबद्धता

झापा । उज्यालो नेपाल पार्टी (उनेपा) कुलमान घिसिङको अगुवाइमा अगाडि बढ्ने भएसँगै नयाँ कार्यसमिति र विधान लगायतका कागजात निर्वाचन आयोगमा अद्यावधिकका लागि दर्ता भएको छ ।

हाल घिसिङ अन्तरिम सरकारमा मन्त्री रहेकाले पूर्वसचिव अनुपकुमार उपाध्यायलाई अध्यक्ष बनाएर दलको विवरण अद्यावधिक गरिएको हो । मन्त्री पद छाडेपछि घिसिङ नै पार्टी अध्यक्ष बन्ने उपाध्यायले बताएका छन् ।

पार्टीका उद्देश्य के हुन् र ती पूरा गर्ने प्रतिबद्धता के रहने छन् भन्ने पनि उनेपाले विधानमा उल्लेख गरेको छ । उनेपाका नेताहरूले पार्टी किन गठन गर्नुपर्‍यो भन्ने प्रश्नको जवाफ पनि विधानमा नै दिएका छन् ।



नेपालमा विभिन्न समयमा भएका राजनीतिक परिवर्तनबाट जनताले अवस्था परिवर्तन हुने आशा र भरोसा गरेको तर 'राज्य सञ्चालन गर्ने राजनीतिक तथा प्रशासनिक नेतृत्वको निष्ठा र इमानदारितामाथि जनताले पटकपटक प्रश्न गरिरहेको' अवस्थामा नयाँ राजनीतिक दल गठन गर्नुपरेको उनेपाको विधानमा उल्लेख छ ।

जेनजी आन्दोलनलाई 'अभूतपूर्व' व्याख्या गरेको उनेपाले दीर्घकालीन प्रणालीगत सुधारमा केन्द्रित बन्ने तथा नयाँ पुस्ताको आशा र पुरानो पुस्ताको संघर्षको गाथालाई निरन्तरता दिने विधानको प्रस्तावनामा उल्लेख गरेको छ ।

उनेपाले बहुलवादमा आधारित लोककल्याणकारी राज्यको अवधारणाको मार्गमा अघि बढ्ने प्रतिबद्धता जनाएको छ । जनताको मुहारमा उज्यालो ल्याउन राष्ट्रिय पुँजीको विकास गरी आर्थिक समृद्धि मार्फत जीवनस्तरमा आपूल परिवर्तन ल्याउने यो पार्टीको प्रतिबद्धता छ । 'पार्टीको सञ्चालन तथा व्यवस्थापन लोकतान्त्रिक, समावेशी, स्वच्छ, विश्वसनीय, पारदर्शी र व्यवस्थित' हुने विधानमा उल्लेख छ ।

'सहभागितामूलक समावेशी लोकतन्त्र, सामुदायिक समाजवाद र बहुसांस्कृतिकतावाद र राष्ट्रिय एकता' लाई उनेपाले दलको आधारभूत सिद्धान्त हुने उल्लेख गरेको छ ।

यो पार्टीले १५ वटा प्रतिबद्धताका बुँदा पनि विधानमा लेखेको छ । जसमा संवैधानिक सर्वोच्चता र विधिको शासन, बहुलवादमा आधारित लोककल्याणकारी राज्य व्यवस्था, नागरिक स्वतन्त्रता र मानवअधिकार, संस्थागत सुधार, पारदर्शिता र जवाफदेहिता, सुशासन र प्रभावकारी सेवा प्रवाह गर्ने यो दलको प्रतिबद्धता छ । त्यस्तै, उदार अर्थतन्त्र, आर्थिक समृद्धि र दिगो विकास, प्रेस स्वतन्त्रता र सूचनाको अधिकार, योग्यताका आधारमा निष्पक्ष चयन प्रणाली, मानवतावादी मूल्य मान्यता, नविनता र प्रविधिमैत्री शासनका लागि पनि प्रतिबद्धता जनाइएको छ । समता र समानतामूलक समावेशिता, वातावरणीय अधिकार र जलवायु न्याय, डिजिटल डेमोक्रेसी, युवामा आधारित नेतृत्वप्रति प्रतिबद्ध रहने विधानमा उल्लेख गरेको उनेपाले सन्तुलित परराष्ट्र नीति अपनाउने उल्लेख गरेको छ ।

उनेपालेको विधानमा पार्टीका उद्देश्य संविधान र ऐनको अधिनमा रहेर अगाडि बढ्ने उल्लेख छ । 'समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूलाई संगठित गरी समुन्नत, समृद्ध र सामाजिक न्यायसहितको स्वाभिमानी राष्ट्र निर्माणका लागि शान्तिपूर्ण राजनीतिक गतिविधि सञ्चालन' गरेर पार्टीका राजनीतिक उद्देश्य पूरा गर्ने विधानमा उल्लेख छ । उनेपाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ पार्ने पहिलो उद्देश्य लिएको छ । 'सामुदायिक समाजवादको मूल्य र सिद्धान्तलाई व्यवहारमा उतारी, पूर्ण समावेशी सहभागिता र सामाजिक न्यायसहितको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ पार्ने ।'

नेपालको गौरवपूर्ण इतिहासका साथै राष्ट्रिय स्वाधिनता, भौगोलिक अखण्डता र सार्वभौमिकताको संरक्षण गर्दै समुन्नत, विकसित, स्वाभिमानी राष्ट्र निर्माण गर्ने उद्देश पनि यो पार्टीले लिएको छ । 'पार्टीको आन्तरिक लोकतन्त्रलाई व्यवस्थित र पारदर्शी बनाउनुका साथै राजनीतिलाई सुसज्जित, सुसंकृत, जनउत्तरदायी, मर्यादित र नैतिकवान बनाउने,' उनेपालको विधानमा भनिएको छ, 'मानवअधिकारको पूर्ण सम्मान गर्दै प्रत्येक नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, सांस्कृति र धार्मिक अधिकार तथा वैयक्तिक स्वतन्त्रताको सुनिश्चितता गर्ने ।'

राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्दै बहुसांस्कृतिक विविधतालाई राष्ट्रको शक्ति र विकासको स्रोतको रूपमा स्थापित गर्ने उद्देश्य लिएको उनेपाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई व्यवस्थापन गर्ने भनेको छ । 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई व्यवस्थापन गर्दै सञ्चार माध्यमको स्वतन्त्रता सुनिश्चितता गर्ने तथा जनतासम्म सूचनाको पहुँच अभिवृद्धि गर्ने,' उनेपाले निर्वाचन आयोगमा बुझाएको विधानमा उल्लेख छ ।

सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने कुरामा जोड दिएको यो पार्टीको उद्देश्यमा पनि ती कुरा उल्लेख छन् । 'सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, प्रभावकारी, पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाई सुशासन, भ्रष्टाचारमा शून्य सहनशीलता र सार्वजनिक विश्वसनीयता अभिवृद्धि गर्ने,' उनेपाको उद्देश्य छ ।

सामाजिक र आर्थिक दृष्टिले पिछडिएका लिंग, वर्ग, जातजाती, समुदायका व्यक्तिलाई समान पहुँच र अधिकार सुनिश्चित गर्ने उद्देश्य पनि यो पार्टीको छ ।

'कृषि, पर्यटन, उद्योग, जलविद्युत, पूर्वाधार विकास, उद्यमशीलता र दक्ष मानवस्रोतको विकास गरी दिगो आर्थिक विकास र उच्च आर्थिक वृद्धिदर हासिल गर्ने' उद्देश्य लिएको उनेपाले सूचना प्रविधिको विकास र डिजिटल पूर्वाधार विकास गरी आधुनिक अर्थतन्त्र निर्माण गर्ने भनेको छ ।उनेपाले सामाजिक न्यायसहितको उदार अर्थतन्त्र अंगाल्ने पार्टी निर्माण गर्ने उद्देश्य लिएको छ । 'समावेशितालाई न्यायको प्रारम्भ, सहभागितालाई लोकतन्त्रको आत्मा, सेवा नै नेतृत्वको धर्म र योग्यताको सम्मान नै विकासको आधारको रूपमा स्थापित गर्ने' उनेपाको उद्देश्य छ । यो पार्टीले युवा केन्द्रित रोजगार


❖ बाँकी तेस्रो पृष्ठमा

## इप्रका बिर्तामोडबाट भागेका दुईजना थुनुवा पक्राउ

झापा(प्रस) ।जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट फरार भएकामध्ये दुईजना थुनुवा पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा बिर्तामोड ८ का ३३ वर्षीय सरोज पौडेल र सोही ठाउँ बस्ने २५ वर्षीय पंकजराज मैनाली रहेका छन् । लागूऔषध कसुरमा अनुसन्धानमा रही भदौ २४ गतेको जेनजी आन्दोलनको क्रममा उनीहरु इप्रका बिर्तामोडको हिरासतबाट फरार भएका थिए ।



बिहीवार बिहान ८ बजे अस्थायी प्रहरी चौकी गरामनीबाट खटिएको प्रहरी टोलीले फरार थुनुवाहरुलाई उनीहरुको घरबाट पक्राउ गरी इप्रका बिर्तामोडमा ल्याई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जेनजी आन्दोलनका क्रममा बिर्तामोड र दमक प्रहरीको हिरासतबाट ९२ जना थुनुवा फरार भएका थिए । तीमध्ये सात जना मात्र अहिलेसम्म पक्राउ परेका छन् । ८५ जना थुनुवा विगत दुई महिनादेखि फरार नै रहेका छन् ।



# मधेशका सभामुखले ५ सांसदलाई गरे पदमुक्त



झापा(प्रस)। मधेशमा सभामुख रामचन्द्र मण्डलले प्रदेशसभाका ५ सदस्यलाई पदमुक्त गरेका छन् । ७ दलले बिहीबार सभामुख मण्डलमाथि अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । कारबाहीस्वरुप उनले ५ सांसदलाई पदमुक्त गरेका हुन् ।

पदमुक्त हुनेमा उर्मिला देवी सिंह, मनिषकुमार सुमन, संजयकुमार यादव, सिंहासन सा कलवार र शारदा शंकर प्रसाद कलवार छन् ।

संविधानको धारा १८० (घ) बमोजिम प्रदेशसभामा लगातार १० वटा बैठकमा अनुपस्थित भएको आजैका मितिदेखि प्रदेसभा सदस्यबाट पदमुक्त गरेको प्रदेशसभा सचिवालयको सूचनामा उल्लेख छ ।

कात्तिक २२ गतेको बैठकमा कार्यव्यवस्था परामर्श समितिको निर्णयविपरीत प्रदेशसभामा संसदीय दलको नेतालाई रोस्ट्रम प्रयोग गर्न नदिएको, एक दलको निर्देशनबमोजिम समाभुखले पटकपटक सभा सञ्चालन गरेको, विपक्षी दलको उपस्थितिबिना सभा चलाएको भन्दै ७ दलले 'सभामुखले पदअनुकूल आचरण नगरेको प्रस्ताव' दर्ता गरेका थिए यसैबीच सभामुख मण्डलविरुद्ध अविश्वासको प्रस्ताव लिएर उपसभामुखको कार्यकक्षमा पुगेका ७ दलका सांसदमाथि सभामुखले कुटपिट र हातपात गरेका छन्। उपसभामुख बबिता राउतले सभामुखविरुद्धको महाअभियोग पत्रमा तोक लगाएर दर्ताका लागि पठाएपछि विवाद चर्किएको थियो। महाअभियोगपत्र दर्ता गर्ने प्रक्रियामा कर्मचारीहरू रहेकै बेला अचानक प्रदेशसभा सचिवालय पुगेका सभामुख मण्डलले लोसपाका सांसद उपेन्द्र महतो र जनमतका संसदीय दलका नेता महेश यादवलाई कुटपिट गरेका हुन्। सभामुख मण्डलले त्यहाँ उपस्थित ७ दलका अन्य सांसदहरूमाथि पनि हातपात र अमर्यादित व्यवहार गरेको जनमतका सांसद चन्दन सिंहले बताए।

# मधेशमा धान उत्पादनमा कमी आउने



झापा । धान बाली लगाउने बेलामा मधेश प्रदेशमा सुक्खायाम र बाली भित्र्याउने समयमा परेको वर्षातको कारणले यो वर्ष मधेश प्रदेशमा धान उत्पादनमा करिब २० प्रतिशत कमी आउने अनुमान गरिएको छ। कृषि अनुसन्धान निर्देशनालय मधेश प्रदेशले बिहीवार वीरगंजमा आयोजना गरेको प्रदेशस्तरीय कृषि प्राविधिक समूह कार्यशाला गोष्ठीमा बोल्दै कृषि विकास निर्देशनालयका प्रमुख जितेन्द्र यादवले यो वर्ष धान बाली लगाउने र भित्र्याउने समयमा प्रतिकूल मौसमको कारणले मधेश प्रदेशमा धान उत्पादन घट्ने अनुमान गरेको बताए।

"अहिलेसम्म प्राप्त प्रारम्भिक तथ्याङ्कले मधेश प्रदेशमा करिब २० प्रतिशतसम्म धान उत्पादन घट्ने अनुमान गरेका छौँ", उनले भने, "धानबाली लगाउने वेला मधेश प्रदेशमा देखिएको सुक्खायामको कारणले धानखेती हुने कुल क्षेत्रफलमध्ये १३ प्रतिशतमा रोपाइँ हुन सकेन।"

उनले धानबाली भित्र्याउने समयमा परेको वर्षातको कारणले धानबालीमा ठूलो असर पारेको उल्लेख गरे। निर्देशनालयका अनुसार मधेश प्रदेशमा करिब १३ लाख मेट्रिकटन धान उत्पादन हुन्छ। यो वर्ष भने करिब १० लाख मेट्रिक टनको हाराहारीमा धान उत्पादन हुने अनुमान गरिएको छ।

निर्देशनालयका अनुसार मधेश प्रदेशमा आठ जिल्लामा धान रोपाइँ हुने तीन लाख ७२ हजार ६४५ हेक्टर छ। तीमध्ये ८७ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको थियो।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव उमेश दाहालले मधेश प्रदेश सरकारले कृषि क्षेत्रमा यान्त्रिक प्रविधि गरी उत्पादकत्व बढाउनेतर्फ अग्रसर रहँदै आइरहेको बताए।

"प्रदेश सरकारका भएका प्रविधिको उच्चतम प्रयोग गर्दै कृषि क्षेत्रलाई व्यवस्थित गर्न लागिरहेका छौँ", उनले भने, "प्राविधिकहरूको दक्षता अभिवृद्धि समग्र कृषि क्षेत्रलाई सुधार्नेतर्फ अग्रसर भइरहेका छौँ।"

कृषि अनुसन्धान निर्देशनालय मधेश प्रदेशका प्रमुख विश्वेरप्रसाद यादवले प्रदेशस्तरमा कार्यरत रहेका कृषि प्राविधिकको क्षमता अभिवृद्धि गरेर कृषिमा लागत घटाउँदै उत्पादकत्व बढाउन अभिमुखीकरण गरिएको जानकारी दिए।

"कृषि क्षेत्रमा भएको यन्त्रीकरण र प्राविधिक विषयलाई कृषकमाझ पुऱ्याउन यस्ता खालका कार्यशाला गोष्ठी गर्दै आइरहेका छौँ", उनले भने, "यसले कृषि क्षेत्रमा भएका नयाँ प्रविधि र अनुसन्धानका कार्यलाई हस्तान्तरण गर्नका लागि मद्दत पुऱ्याउनेछ।"

# नेपाल र बंगलादेशबीच बराबरी



हाम्जा चौधरीले दोस्रो हाफमा चार मिनेटको अन्तरमा दुई गोल गरेपछि

झापा । अनन्त तामाङले दोस्रो हाफको इन्ज्युरी समयमा गरेको गोल मद्दतले नेपालले बिहीबार बंगलादेशलाई २-२ को रोमाञ्चक बराबरीमा रोकेको छ ।

बंगलादेश जिततर्फ अग्रसर देखिएका बेला अनन्तले 'फ्लिक' गर्दै उत्कृष्ट गोल गरे र नेपाल खेलमा फर्कन सफल रह्यो ।

त्यसअगाडि लेस्टर सिटीका हाम्जा चौधरीले दोस्रो हाफमा चार मिनेटको अन्तरमा दुई गोल गरेपछि बंगलादेशले अग्रता लिएको थियो । ढाकाको नेसनल स्टेडियममा बंगलादेश एक गोलले पछाडि रहेको स्थितिबाट अग्रता लिएको थियो । हाम्जाले ४६ औं मिनेटमा 'ओभर हेड बाइसाइकल किक' को मद्दले आकर्षक गोल गरे ।

लगत्तै बंगलादेशले पेनाल्टी प्रहारको अवसर पायो र त्यसलाई हाम्जाले ५० औं मिनेटमा गोलमा परिणत गरे । यसअघि नेपालले रोहित चन्दको गोलले २९ औं मिनेटमा अग्रता लिएको थियो । रोहितको नेपालका लागि यो दोस्रो अन्तर्राष्ट्रिय गोल मात्रै हो । यसअघि उनले सन् २०२४ मा अफगानिस्तानविरुद्ध अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा पहिलो गोल गरेका थिए । यस खेलसँगै हरि खड्काले प्रशिक्षकका रूपमा नेपालका लागि डेब्यु पनि गरेका छन् ।

# मिटर ब्याजसम्बन्धी जिल्लास्तरीय संयन्त्र क्रियाशील

झापा(प्रस) । सरकारद्वारा गठित अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी तीन वटा आयोगहरूको गठन र यसका खारेजी भएपछि, मिटरब्याजसम्बन्धी गुनासा र उजुरी दर्ताका लागि जिल्ला स्तरीय संयन्त्र (समिति) क्रियाशील गर्ने गरी सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरेको छ।

गृह मन्त्रालयको अनुसार ७७ वटै जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयको प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक र जिल्ला सरकारी वकिलको कार्यालयबाट प्रतिनिधि रहेको जिल्ला स्तरीय संयन्त्र (समिति) क्रियाशील गराउने निर्णय गरिएको हो।



आयोगको पदावधि सकिएपछि निष्क्रिय अवस्थामा रहेको अनुचित लेनदेन (मिटरब्याजी) गुनासो तथा उजुरीको कार्य पुनः अघि बढाउन भन्दै गृहमन्त्री ओमप्रकाश अर्यालले मन्त्रालय र यस अन्तर्गतका निकाय (जिप्रका) हरूलाई जिल्ला स्तरीय संयन्त्र गठन गरी क्रियाशील गराउन निर्देशन दिए ।

तीन वटा आयोगमध्ये पछिल्लो तीन-सदस्यीय जाँचबुझ आयोगको अध्यक्षता बाबुराम रेग्मीले गरेका थिए। आयोगका सदस्यमा भरतबहादुर बोहरा र बद्रीप्रसाद भट्टराई रहेका थिए। रेग्मी नेतृत्वको आयोग २०८१ फागुन २६ गते गठन भई चैत्र १३ गतेबाट कार्य प्रारम्भ गरेको थियो ।

गृह मन्त्रालयका उपसचिव प्रेमप्रसाद दाहालद्वारा जारी परिपत्रमा भनिएको छ, "केही जिल्लाहरूमा आयोगको पदावधि सकिएसँगै त्यस्ता जिल्लाभरि निष्क्रिय हुने गरेको देखिएकोले उक्त जिल्ला समितिले निरन्तर रूपमा प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्न गराउन हुन निर्णय अनुसार अनुरोध गरिएको छ।"

२०८० साउन १२ गते संघीय संसदबाट मुलुकी अपराध संहिता, २०७४ मा दफा २४९ 'क' थप गरी कानुनी व्यवस्था अनुसार मिटर ब्याज कारोबारलाई कसुर जन्य अपराध कायम गरिसकेको छ। आयोगमा प्राप्त पछिल्लो उजुरी (२०८२ असार १२ गते सम्म) मा, ४३ जिल्लाबाट कुल प्राप्त ४१,४०९ उजुरी दर्ता भएकोमा, ६,३९३ उजुरी तथा गुनासो फछ्र्यौट गरिएको छ भने अझै ३५,०१६ उजुरी फछ्र्यौट हुन बाँकी रहेको रेग्मी प्रतिवेदनमा उल्लेख छ।


## राहदानी हरायो

**बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा २०८२/०६/०५ गते निम्न व्यहोराको राहदानी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरी बुझाइ दिनुहुन अनुरोध छ ।**

**नामः रोजल अधिकारी**
**ठेगाना : बिर्तामोड - ४ झापा**
**राहदानी नम्बर : ११५३३८९१**

## कनकाई बिर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी पब्लिक लिमिटेड

**केन्द्रीय कार्यालय**
**कनकाई नगरपालिका- २, झापा**

## बिशेष साधारण सभा बस्ने बारेको अत्यन्त जरुरी सूचना

मिति २०८२ साल कात्तिक १९ गते यस कम्पनी र श्री रोज एलाईन्स इन्टरनेशनल प्रा.लि. बीच फोहोरमैला व्यवस्थापनको दिगो व्यवस्थापन गर्ने विषयमा भएको समझदारी बमोजिमका कार्यहरूलाई सहज सरल र व्यवस्थित बनाउन यस कम्पनीको प्रवन्धपत्र र नियमावलीको अधिनमा रहि मिति २०८२/०७/१९ को कार्यदलको निर्णय सिफारिस बमोजिम यस कम्पनीको विशेष साधारण सभा २०८२ साल मंसिर ५ गतेका दिन दिनको ११ बजे ,स्थान कनकाई उद्योग वाणिज्य संघको सभाहलमा हुने भएको हुँदा अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**विशेष साधारण सभामा छलफल तथा पारित हुने विषयहरू**

१. प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।
२ चुक्ता पुँजी अन्तरगतको बाँकी रहेको जगेडा शेयर बिक्री गर्ने।
३. सञ्चालक समितिबाट मनोनित भएका सञ्चालकहरूको मनोनयन अनुमोदन गर्ने।
४.विविध।

नोट : यसअघि कात्तिक २१ गते प्रकाशित सूचनामा स्थान कनकाई उद्योग वाणिज्य संघको सभाहल हुनु पर्नेमा अन्यथा भएकोले सच्याई पुनः प्रकाशित गरिएको छ ।

**अध्यक्ष**
**मिनाल तिम्सिना**

## माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४ झापा

## कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२८**

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडलाई बजार प्रतिनिधि (संकलक) पदका कर्मचारी आवश्यक भएकोले अनुभवी तथा इच्छुक नेपाली नागरिकबाट मिति २०८२ कात्तिक ३० गते आइतबारसम्ममा लिखित आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पद - बजार प्रतिनिधि**

आवश्यक संख्या- १ जना (महिला वा पुरुष)
उमेर- १८ वर्षदेखि ३५. वर्ष ननाघेको
न्यूनतम शैक्षिक योग्यता -एसईई उत्तीर्ण वा सो सरह
कार्यक्षेत्र : बिर्तामोड
आवेदन शुल्क- रु १०० (फिर्ता नहुने गरी)
जमानत कागजात - धितो जमानत वा नगद जिन्सी
तलब सुविधा - संस्थाको नियम अनुसार
आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, अभिभावकको नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो-२ प्रति
नियुक्तिको किसिम : एक वर्ष परीक्षणकाल
परीक्षाको किसिम : लिखित तथा मौखिक
आवेदन दिने स्थान- संस्थाको कार्यालय भद्रपुर रोड, (बिर्तामोड बजरंग मेडिकल पूर्व बाटो मुन्ना ग्यारेज छेउ )

**कर्मचारी पदपूर्ति उप-समिति**
**फोन नः ०२३-५३२२३२**
**मोबाइल न. ९८४२६३७९२४/९८०४९०१३९०**


# सबै उद्योगमा जोडियो लाइन

झापा(प्रस) । डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेर प्रिमियम महसुल नतिरेका कारण विद्युत् लाइन काटिएका सबै उद्योगमा विद्युत् आपूर्ति सुचारु भएको छ । प्राधिकरणले निर्धारण गरेको कुल बक्यौताको २८ किस्तामध्ये पहिलो किस्ता भुक्तान गरेपछि उद्योगमा विद्युत् आपूर्ति नियमित गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

पछिल्लो पटक बक्यौता विवादका कारण २५ उद्योगको लाइन काटिएको थियो । तीमध्ये तीन उद्योगले नियमित महसुलसमेत नतिरेका कारण केही पहिले नै लाइन काटिएको थियो । डेडिकेटेड र ट्रङ्क लाइन महसुल बक्यौताका कारण मात्र अब कुनै पनि विद्युत्को लाइन काटिएको अवस्था नरहेको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालले जानकारी दिएका छन् ।

उनका अनुसार काटिएका तीनमध्ये दुई उद्योग एभरेस्ट पेपर मिल्स र बुटवल सिमेन्ट उद्योगको नियमित महसुल नै भुक्तानी गरेका छैनन् भने उद्योग पनि पहिले नै बन्द थिए । त्यस्तै निगमले सिमेन्टले आफ्नो ट्रान्सफर्मर मर्मत नगरी उद्योग नै बन्द गरेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले हालका लागि प्रिमियम बक्यौताका कारण मात्रै कुनै उद्योगको लाइन काटिएको अवस्था नरहेको बताए । सबै औद्योगिक ग्राहकले पहिलो किस्ताबापतको रकम भुक्तानी गर्नुभएको छ," उनले भने,"पहिलो किस्ता रकम प्राप्त गरेपछि हामीले सबै उद्योगमा लाइन जडानसमेत गरेका छौँ ।"

प्राधिकरणले गत असोज १२ गते पूर्वसूचना गरेरै २८ किस्तामा बक्यौताका भुक्तानीका लागि २१ कार्यदिनको समय दिएको थियो । सो सूचना अनुसार १३ औद्योगिक ग्राहकले बक्यौता तिरेका थिए भने नतिरेका २५ उद्योगको लाइन काटिएको थियो ।

प्राधिकरणले कात्तिक ४ गते मुख्य ठुला छ उद्योगको लाइन काटेको थियो भने कात्तिक ७ गते राति बाँकी उद्योगको बिजुली आपूर्ति काटेको थियो ।

डेडिकेटेड र ट्रङ्क लाइन महसुल विवादमा रहेका छ वटा उद्योगले भने अन्तरिम आदेश लिएकाले विद्युत् लाइन काटिएको थिएन भने सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट र उदयपुर सिमेन्टले यसअघि नै भुक्तानी प्रतिबद्धता जनाएका कारण लाइन काटिएको थिएन ।

प्राधिकरण प्रवक्ता ढकालका अनुसार १३ वटा उद्योगले भने डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता भुक्तानीका लागि किस्ताबन्दी सुविधा सुरु गरी भुक्तानीसमेत गरेका थिए । किस्ताबन्दी सुविधा लिनेमा १४ करोड रुपियाँभन्दा धेरै बक्यौता रहेको हुलास स्टिलले पहिलो किस्ताबापत ५० लाख ४३ हजार रुपियाँ बुझाएको थियो ।

त्यस्तै सिमरामा रहेको अशोक स्टिल्सले पनि पहिलो किस्ता ६३ लाख रुपियाँ भुक्तान गरेको छ । त्यस्तै हामा आइरन एन्ड स्टिल्स, लक्ष्मी स्टिल्स र सर्वोत्तम सिमेन्टलगायतले पनि किस्ताबन्दी सुविधा उपयोग गरेकाले ती उद्योगमा विद्युत् आपूर्ति नियमित रहेको थियो ।

डेडिकेटेड र ट्रङ्क लाइन महसुल विवादका कारण तत्काल समस्या टरे पनि यसको अन्तिम निरूपण भने भएको छैन । उद्योगीहरूले लाइन जोडिएपछि अब विद्युत् नियमन आयोग वा अन्य अदालतमा जान सक्ने बाटो खुला रहेको प्राधिकरणका कार्यकारी निर्देशक सिलवाल बताउँछन् ।


## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मिति २०८२/०७/२८**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिलः**

| शाखा कार्यालय : बिर्तामोड | कर्जा शिर्षकः-चालुपुँजी कर्जा र डिमाण्ड कर्जा |
|---|---|
| **ऋणीको नाम** : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर झापामा मिति २०७३/०९/२७ मा प्रा.फ.र.नं. ५८४/९५५४/९/२७ अन्तरगत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, कन्काई न.पा. वडा नं ३ भै हाल सोहि स्थानमा रहेको **प्रधान मेडिसिन सेन्टर**का तर्फबाट ऐ. फर्मका प्रोप्राइटर वनवारी प्रधान सुडीको नाती, जोगेन्द्र प्रधान सुडीको छोरा नागरिकता बमोजिम झापा जिल्ला, पाचंगाछी गा.वि.स. वडा नं ३ स्थायी ठेगाना भै हाल झापा जिल्ला, कन्काई न.पा. वडा नं ३ बस्ने मिति २०५३/०१/१८ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी भएको ना.प्र.प.नं ६९१२२२७५ भएको वर्ष ५२ को **सुरेन्द्र प्रधान सुडी** । | |
| **धितो सुरक्षणको विवरण : सुरेन्द्र प्रधान सुडी**को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स वडा नं. ५ स्थित कि. नं. ४९ को क्षेत्रफल ०-१-० बि.क.धु. जग्गा, सो जग्गामा निर्मित पक्की घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| **व्यक्तिगत जमानीकर्ता** : अमिरी पंजियारको छोरी, सुरेन्द्र प्रधान सुडीको पत्नी, नागरिकता बमोजिम झापा जिल्ला, सुरुङ्गा गा.वि.स वडा नं ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला कनकाई न.पा. वडा नं ३ बस्ने मिति २०५४/१०/२९ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं ९१५२२०४४ भएको वर्ष ४५ की **फुल कुमारी पंजियार** । | |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533664 | 534090
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

## सम्पादकीय

# मातिएको मधेश

पदबाट बर्खास्त मधेश प्रदेशका प्रमुख सुमित्रा सुवेदीको चर्तिकलापछि अब सभामुख रामचन्द्र मण्डलले चर्तिकला देखाउन थालेका छन् । मधेशमा सभामुख मण्डलले प्रदेशसभाका ५ सदस्यलाई पदमुक्त गरेका छन् ।
७ दलले बिहीबार सभामुख मण्डलमाथि अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । कारबाहीस्वरुप उनले ५ सांसदलाई पदमुक्त गरेका हुन् ।
पदमुक्त हुनेमा उर्मिला देवी सिंह, मनिषकुमार सुमन, संजयकुमार यादव, सिंहासन सा कलवार र शारदा शंकर प्रसाद कलवार छन् ।
संविधानको धारा १८० (घ) बमोजिम प्रदेशसभामा लगातार १० वटा बैठकमा अनुपस्थित भएको आजैका मितिदेखि प्रदेसभा सदस्यबाट पदमुक्त गरेको प्रदेशसभा सचिवालयको सूचनामा उल्लेख छ ।
कात्तिक २२ गतेको बैठकमा कार्यव्यवस्था परामर्श समितिको निर्णयविपरीत प्रदेशसभामा संसदीय दलको नेतालाई रोस्ट्रम प्रयोग गर्न नदिएको, एक दलको निर्देशनबमोजिम समाभुखले पटकपटक सभा सञ्चालन गरेको, विपक्षी दलको उपस्थितिबिना सभा चलाएको भन्दै ७ दलले 'सभामुखले पदअनुकूल आचरण नगरेको प्रस्ताव' दर्ता गरेका थिए
यसैबीच सभामुख मण्डलविरुद्ध अविश्वासको प्रस्ताव लिएर उपसभामुखको कार्यकक्षमा पुगेका ७ दलका सांसदमाथि सभामुखले कुटपिट र हातपात गरेका छन्।

उपसभामुख बबिता राउतले सभामुखविरुद्धको महाअभियोग पत्रमा तोक लगाएर दर्ताका लागि पठाएपछि विवाद चर्किएको थियो। महाअभियोगपत्र दर्ता गर्ने प्रक्रियामा कर्मचारीहरू रहेकै बेला अचानक प्रदेशसभा सचिवालय पुगेका सभामुख मण्डलले लोसपाका सांसद उपेन्द्र महतो र जनमतका संसदीय दलका नेता महेश यादवलाई कुटपिट गरेका हुन्। जेनजी आन्दोलन भएको दुई महिना पूरा भएको छ । नेताहरुको गलत संस्कारकै कारण सो आन्दोलन भएको हो । त्यत्रो विध्वंश खेप्नु पर्दा समेत ती पुराना राजनीतिक दलका नेताहरुको मति फिरेको जस्तो लाग्दैन । जुन कुरा मधेसमा प्रदेश प्रमुख सुवेदी र सभामुख मण्डलको घिनलाग्दो कर्तुतले सावित गरिदिएको छ । मधेश प्रदेशको प्रमुख सुवेदीलाई पदबाट हटाइसकेको छ । भारत विहारको जस्तो राजनीति मधेसमा हुन्छ भनेर आरोप लाग्दै आएको छ । मधेसका राजनीतिक दल र नेताहरुले गरेको अमर्यादित व्यवहारले उनीहरुलाई हेर्ने दृष्टिकोण बनेको हो । अझै पनि त्यस्तो गलत हर्कत गरिरहने हो भने त्यसको परिणाम अझ भयंकर हुने छ ।




# जीवन्त लोकतन्त्रका चुनौती



• रेवतीप्रसाद भुसाल

नेपालीमा प्रजातन्त्र, जनतन्त्र, लोकशाही आदि विभिन्न नामले सम्बोधन गरिने लोकतन्त्रको अंग्रेजीमा मात्र एउटा शब्द डेमोक्रेसी छ । डेमोक्रेसी लेटिनी शब्द डेमोक्रेसियाबाट उत्पत्ति भएको इन्साइक्लोपेडिया ब्रिटानिकामा उल्लेख छ । जसलाई 'डेमो' भनेको जनता र 'क्रातोस' भनेको शासन भनी अर्थ्याइएको छ । अर्थात् आफूमाथि आफै शासन गर्नु नै डेमोक्रेसी हो । प्राचीन सहर र सभ्यताको धनी एथेन्समा जनताको प्रत्यक्ष शासन थियो । हरेक विषयको निर्णय जनताको प्रत्यक्ष सहभागिता र सम्मतिबाट गरिन्थ्यो । त्यस समयमा एथेन्स सानो सहर थियो । जनसंख्या धेरै थिएन । प्रत्यक्ष प्रजातन्त्र सम्भव भयो । अहिले अधिकांश देशको जनसंख्या धेरै भएको कारण प्रत्यक्ष प्रजातन्त्र अर्थात् प्रत्येक विषयमा वा विधि निर्माणमा जनताको प्रत्यक्ष मतदान सम्भव हुँदैन । जनताले छानेका प्रतिनिधिबाट विधि निर्माण गर्नु र जनताको अभिमत अनुसार शासन सञ्चालन गर्नुलाई नै प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र भनिन्छ । अहिले पनि स्विट्जरल्यान्डमा स्थानीय तहमा केही हदसम्म प्रत्यक्ष प्रजातन्त्रको अभ्यास गरिन्छ ।

जनप्रतिनिधिबाट शासन चलाउनु नै प्रजातन्त्र हो । प्रश्न उठ्छ, के जनप्रतिनिधिको निर्वाचन गर्नु र तिनीहरूबाट पाँच वर्षसम्म शासित हुनु मात्र प्रजातन्त्र हो ? चार या पाँच वर्षमा निर्वाचन हुनुलाई मात्र प्रजातन्त्र मान्न सकिन्छ ? अहिले विश्वका प्रजातन्त्रमा देखिएको समस्यामा यो विचार पनि एउटा हो । प्रजातान्त्रिक संस्कार नभएका वा सत्तामा पुगेपछि प्रजातान्त्रिक चरित्रबाट स्खलित आचार भ्रष्ट शासकले आफ्नो सर्वाधिकारवादी शासनलाई प्रजातन्त्रको जलप लगाउन आवधिक निर्वाचनलाई देखाउने गरेका छन् । आवधिक निर्वाचन लोकतन्त्रको अनिवार्य र महत्वपूर्ण अवयव अवस्य हो तर यो मात्र हुनु लोकतन्त्र होइन । लोकतन्त्र हुनका लागि आवधिक निर्वाचनको साथै सरकारलाई जनताप्रति हरहमेसा उत्तरदायी बनाउने र सरकारका निर्णय लोकसम्मति अनुसार तथा जनहितमा हुनुपर्ने महत्वपूर्ण तथा अनिवार्य पक्ष हो ।

यो प्रजातान्त्रिक सभ्यताको युग हो । प्रजातन्त्र केवल शासन पद्धति मात्र होइन, जीवन पद्धति हो । जबसम्म प्रजातन्त्र सम्बन्धित देशका जनताको जीवन पद्धति बन्दैन, त्यहाँ प्रजातन्त्रले राम्रोसँग काम गर्न र उत्तम परिणाम दिन सक्दैन । अहिले आफूलाई प्रजातान्त्रिक नभन्ने मुलुकमा केही सैनिक शासक र केही धर्मान्ध मुस्लिम देश मात्र छन् । वास्तविक प्रजातन्त्र होस् कि नहोस् अधिकांशले आफ्नो शासन व्यवस्थालाई प्रजातन्त्र नै भन्छन् । जनवाद वा साम्यवादको नाममा वंश शासन चलाइरहेको क्रूर तानाशाह किम उलको उत्तर कोरियासम्मले आफूलाई प्रजातान्त्रिक भन्दछ । अहिलेको प्रजातन्त्र शब्द २० औं सताब्दीको छैटौं दशकको समाजवाद जस्तै जसले लगाए पनि हुने टोपी ( टोप) बनेको छ । सबैको टाउकोमा झुन्डिने । कालो, सेतो, ढाकाको जस्तो पनि हुन सक्ने । को कसलाई सुहाउँछ कसलाई सुहाउँदैन त्यो अलग कुरा छ ।

विश्वको उदार प्रजातन्त्र अहिले दक्षिणपन्थी अनुदारवादको आक्रमणमा छ । उदार प्रजातन्त्रको जननी मानिने युरोपका धेरै प्रजातन्त्रमा दक्षिणपन्थी सङ्कीर्ण अनुदारवादबाट त्यहाँका जनता प्रभावित बनेका छन् । युरोप र एसियाको बिचमा पर्ने टर्कीमा एर्दोगानले त्यहाँका सम्पूर्ण संवैधानिक अङ्गलाई कब्जा गरी शासन चलाएका छन् । लोकप्रिय प्रतिद्वन्द्वी उम्मेदवारलाई निर्वाचनमा भाग लिनसमेत वञ्चित गर्दै छन् । हङ्गेरीमा भिक्टर ओर्वानले सन् २०१० देखि एकछत्र शासन चलाएका छन् । त्यहाँको निर्वाचनलाई मानवाधिकारवादीले निष्पक्ष नभएको मान्छन् । इटालीमा दक्षिण पन्थी पार्टी ब्रदर्श अफ इटालीकी जर्जिया मेलोनीले सरकारको नेतृत्व गरेकी छन् । स्लोभाकिया जो युरोपको समृद्ध देश मानिन्छ, त्यहाँ पनि अहिले अनुदारवादी रोवर्ट फिकोले शासनको नेतृत्व समालेका छन् । अत्यधिक उदारवादी जनमत रहेका फिनल्यान्ड, डेन्मार्क, स्विडेनमा पनि अनुदारवादीको प्रभाव विस्तार भइरहेको छ । न्युजिल्यान्ड र अस्ट्रेलियालाई एसिया नमान्ने हो भने जापान दक्षिण कोरियाबाहेक एसियाका अन्य देशमा उदार प्रजातन्त्र छैन । प्रजातन्त्रका अन्य अवयव कमजोर रहेका भए पनि नेपालको सञ्चार जगत् भने जागरुक छ । यसैले सर्वाधिकारवादको विरोध गर्नेमा नेपाल दक्षिण एसियामा अग्र पङ्क्तिमा पर्छ । नेपालको जनमतले सर्वाधिकारवादलाई सधैँ अस्वीकार गरेको छ । अहङ्कार, दम्भलाई नेपालको जनमतले तिरस्कार गर्छ भन्ने भदौ २३ गतेको जेन जेडको प्रदर्शनले पनि पुष्टि गरेको छ । दुई तिहाइको दम्भमा रहेको एमाले नेतृत्वको गठबन्धन सरकारको अहङ्कार तोड्न २४ घण्टा पनि लागेन । गल्र्याम गुर्लुम हुँदै ढल्यो ।

उत्तर अमेरिकी राज्य संयुक्त राज्य अमेरिका सन् २०१६ देखि उग्र अनुदारवादीको प्रभावमा छ । सन् २०२० मा उदारवादी वाइडेनले जितेका भए पनि २०२४ मा पुनः पुरुष अहङ्कारवादी डोनाल्ड ट्रम्प राष्ट्रपतिमा विजयी बनी न्यायपालिका तथा सञ्चार जगत्लाई त्रसित पार्दै शासन चलाइरहेका छन् । दक्षिण अमेरिकाको अर्जेन्टिनामा पनि दक्षिण पन्थी अनुदारवादी जेभियर मिलेई राष्ट्रपति बनेका छन् । यी अनुदारवादी शासक यति असभ्य छन् कि यिनीहरू आफ्ना राजनीतिक विरोधीलाई, गधा, किरा, बहुलाहा आदि शब्दले गाली गर्छन् । किन उदार प्रजातन्त्रले जनतालाई सन्तुष्टि दिन सकेन भन्ने देखाउन मात्र अँध्यारा पक्ष मात्रै उल्लेख गरिएको हो । यो कुरा स्वीकार गर्नै पर्छ कि उदार प्रजातन्त्र अन्तर्गतका जनता पपुलिस्ट र उग्र दक्षिणपन्थतर्फ आकर्षित हुनुमा ती जनता असुरक्षित महसुस गर्नु र सन्तुष्ट नहुनु हो । यो भन्दा पनि पश्चिमा प्रजातन्त्रमा आकर्षणको कमी मुख्य कुरा हो । यो कमजोरीको उपचार प्रजातन्त्रले खोज्नै पर्छ । अन्यथा जनता पुनः सैनिक तानाशाही वा सर्वाधिकारवादी अनुदारवादीको प्रभावमा जान सक्छन् । त्यसबाट मुक्त हुन भविष्यमा ठुलो मूल्य चुकाउनुपर्ने हुन सक्छ, जसरी अहिले टर्की, हङ्गेरी, भेनेजुयलाका लोकतन्त्र चाहने, स्वतन्त्रता चाहने जनताले चुकाइरहेका छन् ।

युरोपियन युनियनभित्रका २७ देशमध्ये हङ्गेरीलाई छाडेर अरू सबै देशमा जीवन्त प्रजातन्त्र (भाइब्रेन्ट डेमोक्रेसी) का अधिकांश गुण रहेका छन् । स्वतन्त्र न्यायपालिका, स्वतन्त्र सञ्चार, कानुनको शासन, जागरुक नागरिक समाज, निष्पक्ष निर्वाचन आयोग, सचेत तथा सक्रिय मतदाता, भ्रष्टाचारमा शून्य सहनशीलता मजबुत नागरिक सुरक्षालगायत जीवन्त प्रजातन्त्रमा हुनुपर्ने गुण छन् । हङ्गेरीमा यी गुणमध्ये आधा पनि नरहेका कारण युरोपियन पार्लियामेन्ट तथा काउन्सिलले हङ्गेरीले पाउनुपर्ने अनुदान रोकिदिएको छ । यी सब हुँदाहुँदै पनि अस्ट्रिया, फ्रान्स, जर्मनी, इटाली, स्लोभाकिया, स्वेडन, फिनल्यान्डलगायतका देशमा दक्षिणपन्थी अनुदारवादीले जनमत बढाइरहेका छन् ।

पश्चिमी मुलुकले प्राप्त गर्नुपर्ने भौतिक समृद्धि प्राप्त गरी सकेका छन् । भौतिक समृद्धिको प्रचुरता र जीवन यापनको सहजताले गर्दा तिनीहरू अब के लक्ष लिने भन्ने अलमलमा वा लक्ष्यविहीन छन् । अहिले उनीहरूको एक मात्र चिन्ता रुसको सुरक्षा चुनौतीबाट कसरी जोगिने भन्ने मात्र छ । यो मात्रले मानिसको अन्तर आत्मालाई डोऱ्याउन सक्दैन । मानिसलाई गतिशील बनाउन उसको अन्तरआत्मादेखि नै प्रेरणा उत्पन्न गर्न कुनै लक्ष वा सिद्धान्त चाहिन्छ । आदर्श वा सिद्धान्तले मानिसमा गतिशील हुने प्रेरणा उत्पन्न गर्छ । पूर्वी युरोप कम्युनिस्ट रुसको प्रभावमा रहँदा पश्चिमी युरोपका मानिस प्रजातान्त्रिक समाजवादको आदर्शबाट प्रेरित थिए । सन् १९८९ मा बर्लिन पर्खाल ढली समग्र पूर्वी युरोप प्रजातन्त्रमा आबद्ध भएपछि त्यहाँका नेता, जनतामा आदर्श वा सिद्धान्तको प्रतिद्वन्द्विता समाप्त भयो । उनीहरू केवल आर्थिक विकासमा केन्द्रित हुन पुगे । आर्थिक विकास कहिल्यै परिपूर्ण हुँदैन । मानिसका नयाँ नयाँ आवश्यकता सिर्जना हुन्छन् । समाजमा सबै समृद्ध हुन सक्दैनन् । त्यसैले आर्थिक विकासले मात्र मानिसलाई सन्तुष्टि दिन सक्दैन ।

अहिले आध्यात्मिकता वा आदर्शको अभावमा युरोपका मानिस स्ट्याग्न्यान्ट (गतिहीनता) को अवस्थामा छन् । यसै कारण उनीहरू दक्षिणपन्थी पपुलिस्टहरूको आप्रवासी समस्या देखाई भयभीत पार्ने प्रचार शैलीबाट आतङ्कित भएका छन् । उनीहरूमा आप्रवासीबाट असुरक्षित भइन्छ भन्ने हौवाको सिर्जना गरिएको छ । मानवताको उपेक्षा गरिएको छ । यो सत्य हो कि सानो सानो भूगोल रहेका तथा सानो आकारकै अर्थतन्त्र रहेका युरोपियन अन्तर्गत रहेका देशका उदारवादी पनि आप्रवासी समस्यालाई कसरी समाधान गर्ने भन्ने दुविधामा रहेका छन् । एकातर्फ मानवता, वन्धुत्व र लोकतान्त्रिक पद्धतिको सम्मान गर्नु छ । अर्कोतर्फ जनसंख्या सेचुरेसनमा पुगेको छ । युरोपका रूपान्तरण पक्षधर लोकतन्त्रवादी अहिले राष्ट्रको यस्तो विरोधाभाषी स्थितिबाट कसरी पार पाउने भन्ने चेपुवामा परेका छन् । आफ्नै नागरिकको सुरक्षा चासोलाई सर्वमान्य मानवाधिकारमा बन्देज नलगाई सम्बोधन गर्नु युरोपका उदारवादी लोकतन्त्रवादीको अहिलेको समस्या हो ।

पश्चिमी युरोप सन् २०१६ सम्म नाटोमा कम योगदान गरी अमेरिकी रक्षा कवच अन्तर्गत रहेको थियो । अमेरिकाले पनि रुसी प्रभुत्वलाई नियन्त्रण गर्न र आफ्नो विश्वव्यापी प्रभुत्व कायम राख्न एटलान्टिक पारिका मित्रशक्तिलाई नाटो अन्तर्गत सुरक्षा प्रदान गरेको थियो । यसबाट पश्चिमी युरोपका देशलाई सुरक्षा खर्च कम गरी आफ्नो देशको आर्थिक उत्पादन बढाउन पूर्वाधारका कार्यक्रम तथा औद्योगिक लगानी बढाउन सहज भएको थियो । पश्चिमी युरोप सम्पन्न हुनुमा यो पनि एउटा कारण रहेको हो । सन् २०१६ पछि स्थिति परिवर्तन भएको छ । डोनाल्ड ट्रम्प राष्ट्रपति बनेपछि युरोपलाई आफ्नो सुरक्षा अवधारणा नै बदल्नुपर्ने अवस्था सिर्जना भएको छ । अब नाटोमा आबद्ध युरोपका देशले आफ्नो राष्ट्रिय बजेटको ३ देखि ५ प्रतिशतसम्म सन् २०३० सम्ममा रक्षा खर्च पुऱ्याउनुपर्ने छ । जसले गर्दा जनकल्याणका कार्यक्रममा दबाब पर्ने निश्चित छ । यो पनि युरोपका प्रजातन्त्रका लागि चुनौती बन्न सक्छ । प्रजातन्त्रमा समयको अन्तरालमा चुनौती देखा पर्ने गर्छन् । यी चुनौती सामना गर्नु र चुनौतीका विचबाट अवसर सिर्जना गर्न सक्नु नै जीवन्त प्रजातन्त्रको विशेषता हो । ।

हालै परिवर्तनका केही लक्षण देखिन थालेका छन् । अमेरिका जस्तो रूढिवादी तथा मुस्लिम विरोधी जनमत रहेको देशको अन्तर्राष्ट्रिय राजधानी बनेको न्युयोर्क सहरको मेयरमा मुस्लिम व्यक्ति जोहोरान ममदानी अत्यधिक बहुमत साथ विजयी बने । नेदरल्यान्डमा उग्रदक्षिणपन्थी पार्टी पिभिभीका ग्रिट विल्डर्स नेतृत्वको गठबन्धन पराजित भई सामाजिक उदारवादी पार्टी डी ६६ का रोब जिटेन नेतृत्वको गठन्धनले बहुमत ल्यायो । सन् २०२४ मा बेलायतमा उदारवादी लेवर पार्टीले विजय प्राप्त गऱ्यो । ब्राजिलमा बोल्सेनारो पराजित भई वाम पन्थी लुला डी सिल्भा विजयी बने । डोनाल्ड ट्रम्पको हेपाहा प्रवृत्तिको विरुद्धमा क्यानाडाली जनताले मार्क कार्नीको लिवरल पार्टीलाई नै पुनः सत्ता सुम्पे । यी परिणामले के देखाउँछ भने प्रियतावादी दक्षिणपन्थी नकारात्मकता फैलाएर तथा विरोधीलाई आरोपित गरेर सत्तामा पुग्न सफल हुन सक्छन् तर तिनीहरू राष्ट्रका समस्या समाधान गर्न असक्षम छन् । हाम्रै देशको अनुभवले पनि यो कुरासिद्ध गरिसकेको छ । यी प्रियतावादी, उग्र दक्षिणपन्थी र यस्तै खालका लोकतन्त्रका धमिराबाट लोकतन्त्रको रक्षा गर्दै अझ उन्नत लोकतन्त्र कायम गर्न लोकतन्त्रवादी सधैँ सजग रहनु पर्छ ।

# पारिवारिक सम्बन्धको कसी

• प्रकाश अधिकारी

सर्वोच्च अदालतद्वारा साउनमा प्रकाशित वार्षिक प्रतिवेदन अनुसार गत आवको प्रारम्भसम्म जिल्ला अदालतमा दायर विवाह, सम्बन्धविच्छेद, मातृत्व वा पितृत्व कायम, धर्मपुत्र, धर्मपुत्री, माथवर, अंशबन्डा, अपुताली जस्ता पारिवारिक विवादका ७९ हजार ८९७ थान मुद्दामध्ये सम्बन्धविच्छेदका मात्र ३९ हजार ५४ थिए । उक्त आवमा जिल्ला अदालतको मुद्दाको लगत दुई लाख ५८ हजार ५२४ थियो । मुद्दाको लगतमा सम्बन्धविच्छेद मुद्दाको अंशभार करिब १५ प्रतिशत हो । यीमध्ये ३० हजार ९०४ सोही आवमा फर्स्योट भए । जिल्ला अदालतको फैसलाउपर चित्त नबुझाएर उच्च अदालतमा पुनरावेदन गर्नेहरूको संख्या एक हजार २०६ थियो भने उच्चको निर्णयमा समेत चित्त नबुझाउने ६० जनाले मात्र सर्वोच्च अदालतमा पुनरावेदन गरेको देखिन्छ । दुवै थरको मञ्जुरीमा पारपाचुके हुने गरी टुङ्गिने भएकाले सम्बन्धविच्छेद मुद्दाको फर्स्योट प्रतिशत उच्च हुन्छ र जिल्ला अदालतको फैसलामा चित्त नबुझाउने पक्षको संख्या न्यून भएको दर्शाउँछ ।

उल्लिखित आवमा सबै अदालत, जिल्ला, उच्च र सर्वोच्चमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी संख्यामा रहेका १० प्रकृतिका मुद्दामा प्रथम स्थानमा सम्बन्धविच्छेद रहेको छ । तिनै तहका अदालतमा सम्बन्धविच्छेद मुद्दाको लगत ४० हजार ३२० थियो । यो समग्र मुद्दाको कुल लगतको प्रतिशतमा ११.०८ हो । यीमध्येबाट ३१ हजार ७५२ सोही आवमा फर्स्योट भएर बाँकी आठ हजार ५६८ मुद्दा अर्को वर्षमा सरेका थिए ।

वर्तमानमा अभ्यास गरिरहेको विवाह प्रणालीमा एकैचोटि कसैको पनि एकभन्दा बढी पति वा पत्नी हुन सक्दैन । सम्पत्ति, परिवार, नाताका विषयमा गरिएका आधुनिक व्यवस्थाहरूले अंशबन्डा, नाता कायम, मानाचामल, नागरिकता जस्ता विषयलाई स्तरीकृत गरी सबै समुदायलाई एकै प्रकारको कानुनी व्यवस्था गरेकाले साविकका पितृसत्तात्मक प्रचलनमा अवरोध आएको छ । अंश, अपुताली, रोजगारी, सामाजिक सुरक्षा भत्ता, वैदेशिक भ्रमण, बैङ्किङ कारोबार जस्ता जीवनका दैनन्दिनलाई सुचारु गर्न प्रत्येक नेपालीले विवाह र पारपाचुकेको अभिलेख अद्यावधिक गर्नै पर्छ । विवाहको अभिलेखीकरण गर्ने विभिन्न निकाय र पद्धतिहरू भए पनि पारपाचुके अदालतबाट नै हुनुपर्ने कानुन हुँदा सम्बन्धविच्छेद गर्न चाहने प्रत्येक जोडी अदालतमा आउनै पर्छ ।
जैविक रूपले नारी पुरुष पक्ष प्रतिपक्ष जस्ता देखिए पनि दम्पती एक मौलिक एकाइ हो, जसको दुई भाग एक दोस्रोसित जोडिएका छन् । विवाहपश्चात् एउटै छानामुनि बस्ने, एउटै चुलोमा पकाएको भोजन खाने, सम्पत्तिमा समान हकहिस्सा हुने र पारिवारिक पूजा अर्चनामा समान रूपमा भाग लिने जोडी हो । विवाह नारी पुरुषबिच दाम्पत्य र पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन हो ।

विवाह यौन, अर्थ र धर्मको सम्मिश्रण भएकाले यसलाई टुटाउनमा पनि यौन, अर्थ र धर्म नै कारण हुन्छन् । मौजुदा संविधानले महिलालाई समानता, स्वतन्त्रता, सम्पत्ति, शिक्षा, संवैधानिक उपायहरू तथा शोषणविरुद्ध अधिकार प्रदान गर्छ । महिलाको हित रक्षार्थ विशेष कानुन बनाइएको छ । जस्तै, विवाहमा वरको चयन, विवाहको उमेर, बहुविवाहबाट सुरक्षा, पारपाचुकेको स्वतन्त्रता, भरणपोषण र अंशको अधिकार, पुनर्विवाह, गर्भपतन एवं धर्मपुत्र पुत्री ग्रहणको अधिकार, छोरा सरहको अपुतालीको अधिकार, समान ज्याला र कार्यस्थलमा सुक्षाको प्रत्याभूति, प्रसूति लाभ, रोजगारीमा आरक्षण र मताधिकार एवं राजनीतिमा समानताको प्रत्याभूति आदि ।
सभ्य एवं आधुनिक सोच राख्ने विश्वका तमाम देश जस्तै नेपालमा पनि महिलालाई हर स्तरमा बराबरीको दर्जा दिइएको छ । पुर्ख्यौली सम्पत्तिमा पुत्र सरह पुत्रीको हक लाग्छ र पतितर्फ पनि चाहे पतिको पैतृक होस् वा निजी आर्जन, सम्पत्तिमा समान एवं पूर्ण अधिकार रहेको छ । यो बन्दोबस्ती छिमेकी मुलुकहरूको तुलनामा कैयौं गुणा प्रगतिशील हो । विवाहको कारण महिलालाई सम्पत्तिको अधिकार हासिल गर्न एवं अन्य विभेद निर्मूल गर्न विधिको शासनमा राज्यको जिम्मेवारी हुन्छ र यो जिम्मेवारी राज्यले धेरै हदसम्म पूरा गरेको अवस्था छ ।

जब हिंसा वा कुनै विशेष कारणले विवाह असहनीय हुन्छ, सम्बन्धविच्छेदको कुराले प्रवेश पाउँछ । विवाह र पारपाचुके गर्न स्त्री पुरुषलाई कानुनका दफाहरूले बराबरीमा राखे पनि प्रथा, परम्परा र चलनमा ठुलो अन्तर छ । कानुनमा विवाह गर्ने दुवै स्वतन्त्र भए जस्तै सम्बन्धविच्छेद गर्न पनि स्वतन्त्र हुन्छन् तर विवाह जत्तिकै सम्बन्धविच्छेद पनि सरल भइदिएको भए धेरै विवाह विच्छेदमा टुङ्गिने थिए । सम्बन्धविच्छेद हुनका कारण स्थानीय र सार्वभौम हुन्छन् । परस्पर विश्वास र साथीका प्रति बफादारी विवाहका लागि आवश्यक त□व मानिन्छ । यदि आफ्नी पत्नीबाहेक अन्यसित यौनाचार सम्भव छैन भन्ने पतिलाई विश्वास हुने हो भने धेरै जसो वैवाहिक सम्बन्धविच्छेद हुँदैनन् । पत्नीमा पनि यो कुरा लागु हुन्छ । विवाहलाई कुन कुराले सुखी र कुन कुराले दुःखी बनाउँछ भनेर यदि सारा संसारलाई नियालेर हेरियो भने एउटा अद्भुत निष्कर्ष निस्कन्छ, मानिस जति स्रोतसाधनले सम्पन्न वा धनवान छ ऊ एउटै जीवन साथीबाट सन्तुष्ट भएको बिरलै देखिन्छ । विवाहमा 'खोजेको कुरा' नपाउने पक्षले विवाहलाई टुङ्ग्याउन चाहन्छ ।
नेपालको जनसंख्याको बनोटलाई मोटामोटी जातीय र जनजातीय वा आगन्तुक र आदिवासी वा वर्णव्यवस्थामा आस्था राख्ने र नराख्ने गरी दुई वर्गमा विभाजन गर्ने गरिन्छ । यी दुई वर्गको प्रथा परम्परा एवं संस्कृतिमा विवाह र पारपाचुकेसम्बन्धी पृथक् पृथक् मूल्यमान्यता एवं मानदण्डको अभ्यास गरिन्थ्यो । कानुनविपरीतका प्रथा वा परम्परालाई न्यायको रोहमा मान्यता नदिइने भएकाले विवाह र पारपाचुके सम्बन्धमा आजका दिनमा सबैका लागि मौजुदा कानुन एवं प्रशासनिक प्रणालीका उही प्रावधान समान रूपले आकर्षित हुन्छन् ।
नेपाली घरपरिवार धनी र गरिब, शिक्षित र अशिक्षित, दलित र गैरदलित, पहाडी र मधेशी, पहाड/मधेशका जाति र जनजातिको रूपमा पनि विभाजन हुन्छ । यी वर्ग र समुदायमा सम्बन्धविच्छेदको प्रवृत्ति र प्रकृति फरक फरक रहेको छ । सम्बन्धविच्छेदको महिला सशक्तीकरणसँग गतिलो सम्बन्ध छ । प्रायः सबै जनजातीय परिवार संस्कृति एवं रीतिरिवाजले पति प्रधान नभएर समतावादी र कतिपय महिला प्रधान पनि छ । यौनप्रतिको धारणा र व्यवहारमा यी समुदाय उदार हुँदा पुनर्विवाह र पारपाचुकेलाई सामान्य रूपमा लिइन्छ तर समकालीन समाजमा प्रबल (डोमिनेन्ट) जातीय समुदायको प्रथा, रीतिरिवाज तथा जीवन शैलीको सिको र नक्कल गर्ने बाँकी समुदायले गरेर संस्कृतिको समानीकरण (लेभलिङ) भइरहेकाले जनजातिको सम्बन्धविच्छेदको प्रवृत्ति अन्य समुदाय सरह हुँदै गइरहेको छ ।
तराईको रैथाने मधेशी परिवारमा सम्बन्ध विच्छेद बिरलै हुने गर्छ । सम्बन्धविच्छेद वा अंशका लागि मुद्दा दायर गर्ने महिलाको संख्या उल्लेख्य छैन । १४ लाख ८३ हजार ६६ जनसंख्या रहेको मुस्लिम समुदायमा विवाहलाई संस्कार नभएर एक करार हो

❖ बाँकी तेस्रो पृष्ठमा

# अब मतदाता नामावलीका लागि राष्ट्रिय परिचयपत्र सहयोगी

झापा(प्रस) । निर्वाचन आयोगले मतदाता सूचीमा नाम दर्ताका लागि राष्ट्रिय परिचयपत्र बनाउँदा लिइएको व्यक्तिको तथ्यांक (बायोमेट्रिक्स) प्रयोग गर्ने भएको छ। मतदाता सूचीमा नाम लेखाउनेको चाप बढेपछि त्यसलाई सहज बनाउन राष्ट्रिय परिचयपत्रका लागि लिइएको 'बायोमेट्रिक्स' तथ्यांकलाई प्रयोग गर्ने निर्णय भएको हो ।

प्रधानमन्त्री सुशीला कार्कीको पहलमा सिंहदरबारमा बसेको आयोगका पदाधिकारी र पञ्जीकरण विभागका अधिकारीहरूबीचको बैठकले उक्त निर्णय गरेको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिए ।

'राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा पहिल्यै संकलित जैविक तथ्यांकलाई मतदाता नामावलीका लागि प्रयोग गर्ने निर्णय भएको छ,' उनले भने। आयोग र विभागले आवश्यक कानुनी प्रक्रिया पूरा गरेर यसलाई अगाडि बढाउने प्रेस संयोजक रावलले जानकारी दिए। राष्ट्रिय परिचयपत्र नम्बर भएका र आफैं निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने मतदातालाई यसले सहज बनाउने उनले बताए ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मतदाता परिचयपत्रका लागि पञ्जीकरण विभागमा रहेको जैविक ' बायोमेट्रिक्स' प्रयोग गर्न सकिने निर्णय आयोगले लिइसकेको जानकारी दिए। आयोगले बिहीबारबाटै उक्त प्रक्रिया सुरु गर्ने गरी तयारी थालेको छ ।

प्रधानमन्त्री कार्यालयमा भएको बैठकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेले राष्ट्रिय परिचयपत्रका लागि संकलित व्यक्तिको जैविक विवरण आयोगलाई उपलब्ध गराउने बताएका थिए। महानिर्देशक घिमिरेले मतदाता परिचयपत्रका लागि अनलाइनबाट व्यक्तिगत विवरण (प्रि-इनरोलमेन्ट) भर्दा राष्ट्रिय परिचयपत्र नम्बर राख्नुपर्ने बताए। 'राष्ट्रिय परिचयपत्र नम्बर भएकाहरूको जैविक विवरण हामीले आयोगलाई उपलब्ध गराउँछौं,' उनले भने, 'नाम दर्ताका बाँकी प्रक्रिया आयोगले पूरा गर्छ।' प्राविधिक प्रक्रिया गर्न विभाग र आयोगका इन्जिनियरहरू जुटिरहेको उनले बताए।

पछिल्लो निर्णयले राष्ट्रिय परिचयपत्र बनाएकाले मतदाता परिचयपत्रका लागि अनलाइन फारम भरेपछि फोटो खिच्न तथा 'बायोमेट्रिक्स' दिनलाई निर्वाचन कार्यालय जानुपर्ने बाध्यता हट्नेछ ।

# यूएईको भिजिट भिसा खुला

झापा(प्रस) । संयुक्त अरब इमिरेट्स (यूएई) ले भदौ २४ गतेदेखि रोकिएको भिजिट भिसाको आवेदन बिहीबारदेखि लिन सुरु गरेको छ। रोजगारी भिसाको विषयमा भने यूएईले अझै निर्णय गरेको छैन ।



भदौ २४ गतेको हिंसात्मक प्रदर्शनका क्रममा जेलबाट कैदी भागेपछि यूएईले नेपालीका लागि भिजिट र वर्किङ भिसा दिन बन्द गरेको थियो। भिसासम्बन्धी काम गर्ने नमस्ते ट्राभलका सञ्चालक एकेन्द्र थापाले बिहीबारदेखि यूएईले आवेदनलाई स्वीकार गर्न थालेको बताए। यूएईले अझै नेपालीको लागि भिसा बन्द गरेको औपचारिक जानकारी दूतावासलाई दिएको छैन। उसले सार्वजनिक रूपमा सूचना पनि जारी गरेको छैन ।

अध्यागमन विभागका अनुसार पछिल्लो जुलाईदेखि सेप्टेम्बर २५ सम्म १२ हजार ७ सय ९७ जना पुगेका छन्। जसमा ४ हजार ४ सय २० जना रहेका छन्। यूएई नेपालीका लागि प्रमुख गन्तव्य हो। वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनेमध्ये झन्डै ४० प्रतिशत यूएई जानेहरू छ। साउन महिनामा दैनिक सरदर ७९४ जनाले यूएई जानका लागि श्रम स्वीकृति लिएको देखिन्छ। यस्तै अघिल्लो आर्थिक वर्षको तथ्यांकले दैनिक ७५२ जना हाराहारीले यूएई जान श्रम स्वीकृति लिएको देखिन्छ। यसबाहेक भिजिट भिसाकै सहारामा समेत दैनिक २०० जना हाराहारीका नेपाली नागरिक यूएई जाने गरेको विभिन्न अनौपचारिक स्रोतको दाबी छ ।

चालु आर्थिक वर्षको साउन महिनाको तथ्यांक हेर्ने हो भने पनि यूएई जानका लागि १७ हजार ७७९ जनाले श्रम स्वीकृति लिएका छन्। यस्तै ६ हजार ५९ जनाले पुनः श्रमस्वीकृति लिएका छन्। यस आधारमा कुल गरेर साउन महिनामा मात्रै यूएईका लागि २३ हजार ८३८ जनाले श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाउँछ

आर्थिक वर्ष २०८१/०८२ को तथ्यांक अनुसार संयुक्त अरब इमिरेट्स (यूएई) जानका लागि २ लाख १ हजार १४८ जनाले श्रम स्वीकृति लिए। यो तथ्यांक पुनः श्रमस्वीकृति बाहेकको हो ।

# लक्ष्मीथान साकोसको अध्यक्षमा राजवंशी



झापा(प्रस) । झापाको बाह्रदशी- ३ स्थित लक्ष्मीथान बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा नयाँ नेतृत्व चयन भएको छ ।

राजगढस्थित मुख्य कार्यालयमा मंगलबार सम्पन्न १६औं वार्षिक साधारण सभाले इन्द्रप्रसाद राजवंशीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो। दुई कार्यकालसम्म संस्थाको नेतृत्व सम्हालेका निवर्तमान अध्यक्ष प्रेमबहादुर घिमिरेले नेतृत्व हस्तान्तरण गर्दै सबैको नेतृत्व विकास र सह-अस्तित्वका लागि आफू सधैं सहयोगी रहने प्रतिबद्धता व्यक्त गरे। नवगठित नौ सदस्यीय कार्यसमितिमा उपाध्यक्ष प्रमिला राजवंशी, सचिव सोमनाथ बराल, कोषाध्यक्ष राधा राजवंशी तथा सदस्यहरूमा उषाकुमारी राजवंशी, शान्ति राजवंशी, राजेन्द्रप्रसाद भण्डारी, गायत्रीकुमारी साह र राजकुमार ढकाल रहेका छन्।

त्यस्तै, लेखा सुपरीवेक्षण समितिको संयोजकमा सुशीला राजवंशी रहेकी छन् भने सदस्यहरूमा समिम अख्तर र टोपेन्द्र राजवंशी चयन भएका छन्। संस्थाले हाल राजगढ, कचनकवल र झापा गरी तीन सेवाकेन्द्रबाट सेवा प्रदान गर्दै आएको छ। हाल संस्थामा १,८९० जना शेयर सदस्य रहेका छन्। संस्थाको चुक्ता शेयर पुँजी १ करोड २६ लाख ४३ हजार ९ सय, कुल निक्षेप ३ करोड ७८ लाख ७६ हजार ८९२ र कुल ऋण लगानी रु. ५ करोड ३ लाख ७ हजार १५५ रुपैयाँ रहेको छ। चालु आर्थिक वर्षमा संस्थाले सम्पूर्ण खर्च कटाएर १६ लाख ३० हजार १६९ रुपैयाँ खुद नाफा आर्जन गरेको छ।

साधारण सभाले अघिल्ला वर्षभैं यस वर्ष पनि उत्कृष्ट कार्यका लागि पाँच जना सदस्यहरूलाई सम्मान गरेको छ। सम्मानित हुने सदस्यहरूमा पदमलाल राजवंशी, कृष्णप्रसाद राजवंशी, समिम अख्तर , श्रीयान मेचे र नेमी गणेश रहेका छन्।

# प्रादेशिक अस्पताल निर्माणका लागि मन्त्रिपरिषद्को स्वीकृति

झापा(प्रस) । जिल्ला सदरमुकाम धनकुटामा प्रादेशिक अस्पताल निर्माणका लागि मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेको छ ।

मन्त्रिपरिषद् बैठकले धनकुटा बसपार्क छेउमा रहेको रेशम खेती विकास कार्यक्रमको नाममा रहेको जग्गा अस्पताल निर्माणका लागि उपयोग गर्न स्वीकृति प्रदान गरेको हो ।

धनकुटा नगरपालिका-७, स्थित



रेशम खेती विकास कार्यक्रमको २५ रोपनी ५ आना ३ पैसा जग्गा रहेको थियो। उक्त जग्गामा प्रादेशिक अस्पताल निर्माणका लागि मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

मन्त्रिपरिषद्को स्वीकृतिपछि नगर विकास समिति र रेशम खेती विकास कार्यक्रम स्वामित्वको जग्गा सट्टाभर्नाको विवादसमेत अन्त्य भएको छ । जग्गाको स्वामित्व प्राप्त नहुँदै प्रादेशिक अस्पतालका नाममा उक्त स्थानमा २५ करोड ८० लाख रुपियाँ बराबरको लागतमा पाँचतले सुविधासम्पन्न अस्पताल भवन निर्माणको काम धमाधम भइरहेको छ ।

कोशी प्रदेश सरकारले २०७८ सालमा १५ शय्या क्षमताको धनकुटा अस्पताल स्तरोन्नति गरी एक सय शय्या क्षमताको बनाउने निर्णय गरेको थियो । प्रादेशिक शिक्षण अस्पताल सञ्चालनका लागि गत असोजमा प्रदेश सरकारले स्वीकृति प्रदान गरिसकेको थियो । साथै अब जग्गाको स्वामित्व पनि प्राप्त भएकाले प्रादेशिक शिक्षण अस्पताल सञ्चालनको बाटो खुलेको छ ।

पूर्वमन्त्री राजेन्द्र राईले समेत यस कार्यका लागि निरन्तर लागि परेको र सफल भएको बताए । उनले भने करिब अढाई वर्षको अथक प्रयासपछि रेशम खेती विकास कार्यक्रमको नाममा दर्ता कायम रहेको जग्गा अस्पताल निर्माणका लागि उपयोग गर्न स्वीकृति भयो बाँकी रहेको अस्पताल निर्माणको काम तीव्र गतिमा काम गर्न साथ सहयोग रहनेछ, उनले भने ।

कात्तिक २४ गते सोमबार बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार रेशम खेती विकास कार्यक्रम (कृषि केन्द्र) धनकुटाको नाममा रहेको २५ रोपनी जग्गा निर्माणाधीन धनकुटा अस्पताल र नगर विकास कोषको २७ रोपनी जग्गा रेशम खेती विकास कार्यक्रम (कृषि ज्ञान केन्द्र) धनकुटालाई एउटा सरकारी निकायको जग्गा अर्को सरकारी निकायलाई उपयोग गर्न दिने कार्यविधि अनुरूप प्राप्त भएको छ ।

## कुलमानको...

मुखी नीति अवलम्बन गरी नवप्रवर्तन तथा सिर्जनात्मक अर्थतन्त्रको विकास मार्फत समग्र आर्थिक प्रगति र समृद्धि सुनिश्चित गर्ने भनेको छ । 'योग्यतामा आधारित शासन प्रणाली स्थापना गरी दक्ष, इमानदार र जिम्मेवार नेतृत्वद्वारा पारदर्शी, प्रभावकारी र जनउत्तरदायी राजनैतिक तथा प्रशासनिक संरचना निर्माण गर्ने' उद्देश्य पनि यो पार्टीको छ ।

असंलग्न परराष्ट्र नीतिमा चलिरहेको नेपालका लागि उनेपाले भने फरक खालको नीति अंगाल्ने उद्देश्य लिएको छ । 'बहुपक्षीयतामा सार्थक संलग्नता तथा बहुध्रुवीयमा रणनीतिक स्वायत्तता र सन्तुलित कूटनीति अवलम्बन गरी अन्तर्राष्ट्रिय सम्बन्धलाई प्रभावकारी बनाउने' र 'अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, अभिसन्धि र प्रतिबद्धताहरूको वकालत, प्रभावकारी कार्यान्वयन, निगरानी र उत्तरदायित्व सुनिश्चित गर्ने ।'

त्यस्तै, उनेपाको १ सय ५१ सदस्यीय संघीय कमिटी रहने उल्लेख छ । जसका पदाधिकारीहरूमा अध्यक्ष, निवर्तमान अध्यक्ष, कम्तीमा १ महिलासहित २ उपाध्यक्ष, महासचिव, कम्तिमा १ महिलासहित २ उपमहासचिव, कम्तिमा ३ महिलासहित ७ सचिव र कोषाध्यक्ष रहने विधानमा व्यवस्था छ । केन्द्रीय समितिमा एक तिहाइ महिला र एक तिहाइ युवाहरूको प्रतिनिधित्व सुनिश्चित गरिने भनिएको छ भने केन्द्रीय समितिको अवधि पाँच वर्षको रहने उल्लेख छ ।

उनेपाको संघीय कमिटी अध्यक्ष, पदाधिकारीहरू र संघीय सदस्यहरू समेतले एउटै पदमा लगातार दुई कार्यकाल भन्दा बढी पटक उम्मेदवार नै बन्न नपाउने व्यवस्था विधानमा नै गरेको छ । संघीय समितिबाट १० प्रतिशतको सचिवालय गठन गरिने पनि व्यवस्था छ ।

पार्टीले तीन प्रकारका पार्टी सदस्य रहने भनेको छ । जसमा शुभेच्छुक सदस्य, पार्टी सदस्य र मानार्थ सदस्य रहने विधानमा उल्लेख छ। पार्टी प्रवेश शुल्क र नवीकरण शुल्क दुई सय रुपैयाँ लाग्ने भनिएको छ भने शुभेच्छुक र मानार्थ सदस्यलाई शुल्क नलाग्ने भनिएको छ ।

उनेपाले निर्वाचन आयोगमा ५१ जनाको मात्रै समितिको नामावली पठाएको छ । निर्वाचन आयोगमा दर्ताका लागि पुगेको केन्द्रीय समितिको सूचीमा अध्यक्ष अनुपकुमार उपाध्याय छन् । उनी ऊर्जा मन्त्रालयका पूर्वसचिव हुन् ।

केन्द्रीय सदस्यहरूमा ताराप्रसाद जोशी, प्राडा महेन्द्रसुन्दर लावती, घनश्याम पाण्डे, डा. सागर ढकाल, डा. अभिषेकराज सिंह, शंकर ढकाल, तेजनारायण यादव, रिमा विश्वकर्मा, टासी ल्हान्जोम, राजु थापा, विशाल भण्डारी, श्री गुरुङ, निलिमा बस्नेत, दिपेन्द्र जमरकट्टेल, सीतादेवी पाण्डेय, ज्ञानेन्द्रकुमार तामाङ, डकेन्द्र सिं थेगिम छन् । आशुतोष विजय पन्त, डम्बर लावती, हिराप्रसाद सोती (किरण विक), सोमप्रसाद चौधरी, विजय कँडेल, अरविन्द साह, धनबहादुर मिक्चन, कुशल गुरुङ, निर्देश सिलवाल, लाक्पा फुटी शेर्पा, सुभाष प्रधान, जितराम लामा, सरस्वता सुब्बा पनि रहेका छन् । विद्या श्रेष्ठ, रामेश्वर श्रेष्ठ, तुलसा वाइबा, रजिया बानु, महेन्द्रकुमार थापा, ज्योत्सना सैजु, अग्निमाया मेचे, कुसुम घिमिरे, मनोज लुहार, सुमी मोक्तान, सञ्जिव भट्टराई, सुजन श्रेष्ठ, देवकी पौडेल, रोशनी लामा तामाङ, बालिका चौधरी, भीमबहादुर कुमाल, खड्कबहादुर बस्नेत, राजाराम तण्डुकार, राजेन्द्र शाही र शिवानी प्रधान पनि केन्द्रीय सदस्यमा समेटिएका छन् ।

## पारिवारिक...

। विवाहपछि पनि महिलाको आफ्नो स्वतन्त्र अस्तित्व कायम रहन्छ तथापि यो समुदायका महिला अंश र सम्बन्धविच्छेदका लागि आक्कल झुक्कल मात्र अदालतमा प्रवेश गर्छन् । उल्लिखित दुवै समुदायमा विवाह र सम्बन्धलाई सफल बनाउने अभिभारा वा कर्तव्य महिलाको भागमा पर्नु विडम्बना हो । शिक्षाको कमीले अधिकारप्रति जागरुक नहुनु र विपन्नता यसको जड हो । दुनियाँमा अन्यत्र जस्तै नेपालमा पनि घरेलु हिंसा मौजुद छ । यसलाई अझै पनि सामाजिक स्वीकृति प्राप्त भएकाले यसले महिलाको स्थिति जटिल र दयनीय बनाएको छ । अदालतमा सम्बन्धविच्छेदका लागि महिलाद्वारा दायर प्रायः सबै फिरादमा पतिले शारीरिक, यौन, भावनात्मक, मौखिक, आर्थिक दुर्व्यवहार गरी घरबाट निकाला गरेको कारणले निजसँग सम्बन्धविच्छेद गर्नु परेको व्यहोरा हुन्छ र समर्थनमा साक्षीले बकपत्र गरिदिन्छ । सबैभन्दा निकट र भरोसा गर्नुपर्ने व्यक्तिबाट हिंसा र आतंकको सामना गर्नु पर्दा कतिपय महिलाका लागि घर सुरक्षित स्थान हुन सकेको छैन । शिक्षा, सञ्चार, यातायात, खानपिन जस्ता संरचनाहरू आधुनिक छन् तर परिवार, बिहेवारी, धर्म व्यवस्था रूढिवादी नै भएर रहेर निरन्तरता पाइरहेका छन् । परिवारको मुख्य आधार वैदेशिक रोजगार भएको छ । समाजमा मापसेलाई बृहत् र खुला रूपले अङ्गीकार गरिन्छ । यी प्रवृत्ति एवं अविछिन्नताले पति पत्नीबिच अन्तराल (ल्याप्स) र गत्यावरोध (बोटलनेक्स) पैदा गरेको छ ।

अहिलेको नेपाली समाजमा शक्तिको स्रोत संस्कृति परम्परा नभएर संसाधन (रिसोर्स) भएको छ । संसाधन भनेको एउटा साथीले अर्कोलाई सहायता गर्दै निजको आवश्यकता पूर्ति वा लक्ष्य प्राप्तिका लागि आवश्यक वस्तु वा सेवा उपलब्ध गराउनु हो । यस प्रकार शक्ति सन्तुलन त्यो साथीको पक्षमा हुन्छ, जो विवाह सफलताका लागि अधिक संसाधन जुटाउन सक्छ । त्यसैले जुनसुकै जाति वा जनजातिको भए पनि लोग्नेको कमाइमा आश्रित पत्नीको तुलनामा आफैं आर्जन गर्ने श्रमिक वर्ग परिवारको महिला अधिक स्वायत्त हुन्छन् । श्रम वर्गीय परिवारमा कुनै पनि समस्या समाधानमा परिवारले दिनुपर्ने निर्देशनमा पति पत्नी दुवै सक्रिय रूपले भाग लिन्छन् । सहरीया मध्यम वर्गका पत्नीको भूमिका पतिका साथ हिँडडुल गर्नु, सामाजिक भेटघाट, सिनेमा, रेस्ट्राँमा एकसाथ सँगै जानु जस्ता सहचार्य (कम्पानियन) मा सीमित र प्रदर्शित हुन्छ । राष्ट्रिय जनगणना, २०७८ ले सङ्गठित श्रमशक्तिमा महिला सहभागी नहुनुको प्रमुख कारण घरायसी काम (८९.३ प्रतिशत) र घरको जिम्मेवारी (८९.४ प्रतिशत) देखाएको छ । मार्क्सवादी नारी अधिकारवादले पुरुषको सरह महिलाको श्रमको 'उपयोगी' मूल्य हुन्छ तर 'विनिमय' मूल्य हुँदैन भनेको कुरा नेपाली समाजमा हुबहु मिल्छ । आर्जन गर्ने महिलाको कुरा परिवारमा, विशेषतः पतिले गम्भीरतापूर्वक लिन्छ र नलिएमा वैवाहिक सम्बन्धमा कटुता आई टुङ्गिन सक्छ । पतिको पुर्ख्यौली सम्पत्तिमा पत्नीको पहुँच सहज छैन । विवाहपछि पत्नीको बासस्थान पतिको घर हुन्छ । पतिको अनुकूल पत्नी भैदिनु पर्छ, पतिले पत्नी अनुकूल हुन पर्दैन । त्यसैले पतिपत्नीबिचको सम्बन्ध असन्तुलित रहने गरेको छ । अधिकतर युवतीको प्राथमिकता सही समयमा विवाह गर्नु र पत्नी, आमा तथा बुहारी भएर विभिन्न भूमिकामा आधारित जीवन निर्वाह गर्दै विवाहलाई सफल बनाउने अभिभारा वा कर्तव्य पूरा गर्नु हुन्छ ।

जनगणनाले नेपालको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ छ । सोमध्ये १० वर्ष र सोभन्दा माथिको उमेरको संख्या दुई करोड ३९ लाख ५८ हजार ८६८ रहेको छ । यो उमेर समूहका एक करोड ४८ लाख नौ हजार २९४ विवाहित छन् । यसमा विवाहित महिलाको ७९ लाख ९९ हजार २५२ र पुरुषको ६८ लाख १० हजार ४२ संख्या रहेको छ । निष्कर्षमा उल्लिखित करिब ४० हजार जोडीले एक वर्षमा सहमति गरेर वा अदालतले प्रमाणको मूल्याङ्कनद्वारा सम्बन्धको अन्त्य हुनुलाई अस्वाभाविक भन्न मिल्दैन ।

सुपर काइनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** – भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** – रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** – मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरूको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** – दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** – आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** – सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** – दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** – आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** – आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** – कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन** – सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ